विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८३/०१/२२ मा बसेको बैठकका एजेन्डा र निर्णयहरूः-

<table>
<tr><th>क्र.सं.</th><th>एजेन्डा</th><th>निर्णयको ब्यहोरा</th></tr>
<tr><td>१</td><td>गत कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयन समीक्षा सम्बन्धमा।</td><td>विगतमा बसेका नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको सम्बन्धमा छलफल तथा समीक्षा गरियो।</td></tr>
<tr><td>२</td><td>आगामी आ.व.२०८३/०८४ का लागि बजेट सीमा तथा मार्गदर्शन सम्बन्धमा।</td><td>आगामी आ.व. २०८३/०८४ को बजेट सीमा महानगरपालिकाको आय-व्यय यथार्थपरक हुनेगरी र वडास्तरीयतर्फ आ.व. २०८२/८३ को बजेट सीमा अनुसारको न्यूनतम सीमा हुनेगरी कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, संलग्न बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमाको लागि मार्गदर्शन स्वीकृत गरियो।</td></tr>
<tr><td>३</td><td>बढुवा/तह वृद्धि भएका कर्मचारीहरूको ज्येष्ठता लागु हुने मिति संशोधन सम्बन्धमा।<br><br>विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल<br>प्रतिलिपी<br>अधिकृत आठौं</td><td>विराटनगर महानगरपालिकामा समायोजन भई स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरूको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ४ को उपदफा (५) मा भएको व्यवस्था बमोजिम तह वृद्धि र दफा ८ को उपदफा (१६) बमोजिम बढुवा एवम् सम्मानित उच्च अदालत, विराटनगरको परमादेशको आधारमा स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ८ को उपदफा (१६) बमोजिम समेत तह वृद्धि गरिएकोमा उक्त तह वृद्धि/बढुवाको ज्येष्ठता कायम गरिएको मिति संशोधनका लागि कार्यालयमा निवेदन पेश गर्ने अनुसूची-१ मा उल्लिखित कर्मचारीहरूको ज्येष्ठता मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगरमार्फत प्राप्त बढुवा समितिको मिति २०८२/१०/२४ को निर्णय बमोजिम उल्लिखित ऐनको दफा २६ को उपदफा (१) मा भएको व्यवस्था अनुसार निजहरूको समायोजन हुँदाको तत्काल अघिको सेवा समूहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुनेगरी साविकको ज्येष्ठता लागु हुने मिति संशोधन गर्ने सर्वसम्मतिले निर्णय गरियो।</td></tr>
<tr><td>४</td><td>रानी अस्पतालको स्वीकृत दरबन्दी अनुसार रिक्त रहेका विभिन्न पदहरूमा पदपूर्तिका लागि माग गर्ने सम्बन्धमा।</td><td>विराटनगर महानगरपालिका अन्तर्गतको रानी अस्पताल, विराटनगर १५ को स्वीकृत दरबन्दीमा हाल रिक्त रहेका देहाय अनुसारका पदहरूमा पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग गर्ने सर्वसम्मतिले निर्णय गरियो।
<table>
<tr><th>क्र. सं.</th><th>रिक्त पद</th><th>सेवा/समूह/उपसमूह</th><th>तह</th><th>पद संख्या</th></tr>
<tr><td>१</td><td>मेडिकल अधिकृत</td><td>स्थानीय स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज</td><td>अधिकृतस्तर आठौं</td><td>२ (दुई)</td></tr>
<tr><td>२</td><td>मेडिकल ल्याब टेक्नोलोजिष्ट</td><td>स्थानीय स्वास्थ्य/मेडिकल ल्याब टेक्नोलोजी</td><td>अधिकृतस्तर सातौं</td><td>१ (एक)</td></tr>
<tr><td>३</td><td>ल्याब टेक्निसियन</td><td>स्थानीय स्वास्थ्य/मेडिकल ल्याब टेक्नोलोजी</td><td>सहायकस्तर पाँचौं</td><td>१ (एक)</td></tr>
<tr><td>४</td><td>ल्याब असिस्टेन्ट</td><td>स्थानीय स्वास्थ्य/मेडिकल ल्याब टेक्नोलोजी</td><td>सहायकस्तर चौथो</td><td>२ (दुई)</td></tr>
</table></td></tr>
<tr><td>५</td><td>विविध।</td><td>(क) विराटनगर महानगरपालिका र नगर विकास कोषबीच भएको ऋण सम्झौता अनुसार वीरेन्द्र सभागृह प्रबलीकरण तथा पुनर्निर्माण कार्य (ठेक्का नं. BMC/MOR/NCB/W-06/2076/077) का लागि मिति २०७८/०१/१० मा</td></tr>
</table>

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | विराटनगर महानगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>विराटनगर, मोरङ<br>कोशी प्रदेश, नेपाल<br>अधिकृत आठौं | निर्माण व्यवसायी श्री समानान्तर/जोशी/श्री बैंकटेश जे.भी., काठमाडौंसँग रु.२३,०७,३८,७०८।९४ (भ्याट र PS समेत) बराबरको निर्माण सम्झौता भएको र उक्त योजना सञ्चालनका क्रममा BOQ को आइटम नं. ५३७ मा भएको 4K Lamp Projector पुरानो Model भएकोले सोको सट्टा हालको आधुनिक Model को NEC 2K Laser Projection Systems are Inclusive of the following the items: Digital NEC 2K 1402L Laser Cinema Projector, XLR, RCA cables for connecting audio system, Display port and other ports for video input, AMX cables, Installation and Configuration charges etc. आइटम समावेश गर्ने र परामर्शदाता Earthquake Safety Solutions (ESS), Lalitpur बाट पेश भएको संशोधित सम्झौता रकम रु.२३,०७,२४,२३०।०४ (भ्याट र PS समेत) स्वीकृत गर्ने एवम् कार्यालयबाट अन्तिम पटकका लागि मिति २०८२/०२/२९ सम्म गरिएको म्याद थपलाई समर्थन गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, उक्त निर्माण व्यवसायीले सो कार्य सम्पन्न भएको भनी मिति २०८२/०२/०६ मा निवेदन दर्ता (द.नं. १६२३८) गरेकोमा २०८२ साल भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनका क्रममा कार्यालयमा भएको तोडफोड तथा आगजनीबाट योजना तथा पूर्वाधार विकास महाशाखामा रहेका योजनासँग सम्बन्धित सम्पूर्ण फाइलहरू जलेर नष्ट भएको हुँदा निर्माण व्यवसायीसँग उक्त योजनासँग सम्बन्धित कागजात माग गरिएको र निजबाट पेश भएका कागजात, कार्यालयको मूल दर्ता किताबको अभिलेख लगायत परामर्शदाताबाट पेश भएको रकम रु.२३,०६,०१,७५२।१७ (भ्याट र PS समेत) को कार्यसम्पन्न मूल्याङ्कन प्रतिवेदन, बिल, भरपाई समेतका आधारमा योजना तथा कार्यक्रमको अनुगमन सुपरिवेक्षण समितिको सिफारिस अनुसार उक्त योजनाको भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।<br><br>(ख) विराटनगर महानगरपालिका क्षेत्रभित्र उत्सर्जन हुने फोहोरमैलालाई सङ्कलनदेखि प्रशोधन तहसम्मको चरणमा दीर्घकालीन व्यवस्थापन गर्ने सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप एकीकृत फोहोरमैला व्यवस्थापन गर्नका लागि प्रस्ताव आह्वान गरिएकोमा सम्बन्धित सरोकारवाला पक्षहरूसँगको छलफल (Pre-Bid Meeting) बाट प्राप्त राय सुझाव समेतका आधारमा Terms of Reference मा गरिएको परिवर्तन तथा समायोजनको निर्णय (प्रमुखस्तर) लाई सर्वसम्मतिले अनुमोदन गरियो।<br><br>(ग) सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप एकीकृत फोहोरमैला व्यवस्थापनका लागि गरिएको प्रस्ताव आह्वान र प्रस्ताव पेश गर्ने संस्थाको सम्बन्धमा नगर कार्यपालिकाको कार्यालयमा दर्ता भएका उजुरी उपर छलफल गरियो, र सो सम्बन्धमा महानगरपालिकाका कानूनी सल्लाहकारबाट कानूनी राय लिई आवश्यक कारबाहीको प्रक्रिया अघि बढाउने सर्वसम्मतिले निर्णय गरियो। |

| क.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|

(घ) सामाजिक विकास समितिबाट सिफारिस भइआएको "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक कार्ययोजना, २०८३" सर्वसम्मतिले स्वीकृत गरियो।

(ङ) विराटनगर महानगरपालिकाका सबै वडाहरूमा पूर्ण खोप सुनिश्चतताका लागि पूर्ण खोप सुनिश्चितता निर्देशिका, २०७१ बमोजिम सम्पूर्ण प्रक्रिया पूरा गरी वडास्तरीय पूर्ण खोप समन्वय समितिबाट सिफारिस भइआएको र महानगरपालिकाबाट द्रुत सर्वसुलभ सर्वेक्षण तथा भेरिफिकेसन समेत भएको हुँदा वडा पूर्ण खोप घोषणा गर्ने र पूर्ण खोप महानगरपालिका घोषणाका लागि जिल्ला पूर्ण खोप समन्वय समितिलाई सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(च) विराटनगर महानगरपालिका अन्तर्गत देहायका योजनाहरूको विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report/DPR) तयारीका लागि सेवा प्रदायक संस्थाहरूसँग सेवा खरिद गरी सो संस्थाहरूले तयार गरेको प्रारम्भिक मस्यौदाउपर छलफल भई कार्यपालिकामा पेस भएका देहायका विस्तृत परियोजना प्रतिवेदन (DPR) सर्वसम्मतिले स्वीकृत गरियो।

| क.सं. | योजना/कार्यक्रम | सेवा प्रदायक संस्था |
|---|---|---|
| १ | Singhiya Corridor Road Section from Ring Road South to Ghinaghat North (Ward No. 8, 7, 2, 1, 19) | Precise Builders Pvt. Ltd., Budhiganga, Morang |
| २ | Dhudhuwa Paini Corridor Section (Lekhnath Bachanalay to Nepal-India Border) (Ward No. 11, 12, 16) | Vibrant Grid Engineering (P.) Ltd., Biratnagar, Morang |

(छ) विराटनगर महानगरपालिकाको स्वामित्वमा रहेका देहाय बमोजिमका भवन तथा सटर-कवल बहालमा लगाउन एवम् महानगरपालिकाको वित्तीय अधिकारक्षेत्र अन्तर्गत देहायका कर/शुल्क सङ्कलनका लागि देहायमा उल्लिखित अनुसारको न्यूनतम कबोल रकम (ठेक्का अङ्क) र अवधि कायम गरी खुला प्रतिस्पर्धाको माध्यमबाट ठेक्का व्यवस्थापन गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो।

| क.सं. | आय ठेक्काको विवरण | न्यूनतम कबोल रकम (वार्षिक) (करबाहेक रुपैयाँमा) | अवधि (वर्ष) |
|---|---|---|---|
| १ | सि-प्लट भवन, विराटनगर-९ | ४९,६४,४२७।- | ३ |
| २ | बसपार्क टर्मिनल भवनसमेत सञ्चालन तथा व्यवस्थापन, विराटनगर ११ | १,३०,०४,०००।- | १ |

अधिकृत आठौं
विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
| --- | --- | --- |

| | | | |
| --- | --- | --- | --- |
| ३ | विज्ञापन कर | ५८,०१,६६७।- | १ |
| ४ | हाटबजार ठेक्का | १५,००,६१५।- | १ |
| ५ | कवाडी कर | ८३,३१,१११।- | १ |
| ६ | एटिएम सटर (१ थान) | ९६,०००।- | ३ |
| ७ | १ नं. वडा कार्यालय भवनको सटर कवल (१ कोठा) | १३,०००।- (मासिक) | ३ |

(ज) विराटनगर महानगरपालिका, ११ नं. वडा कार्यालयको सिफारिस समेतका आधारमा वडा नं. ११ स्थित कान्छादाइ मार्गको पूर्वतर्फ रहेको नक्सा सिट नं. १७८-०७४३१२, कित्ता नं. ६ समेतको कोही कसैको नाममा दर्ता कायम नरहेको सार्वजनिक/ऐलानी जग्गामा उक्त जग्गा संरक्षण गर्नेगरी ज्येष्ठ नागरिक पार्क निर्माण गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(झ) विराटनगर महानगरपालिकाको आ.व. २०८२/०८३ का लागि स्वीकृत बजेट तथा कार्यक्रममा वडा नं. ९ को वडास्तरीय योजना/कार्यक्रम अन्तर्गत आधारभूत स्वास्थ्य केन्द्रलाई आवश्यक सामग्री खरिद शीर्षकमा विनियोजित रु.७,००,०००।- रकमलाई आगामी नगर सभाबाट अनुमोदन हुनेगरी नवनिर्मित आधारभूत स्वास्थ्य केन्द्रको अपुरो निर्माण कार्य शीर्षकमा संशोधन गरी खर्च गर्ने सर्वसम्मतिले निर्णय गरियो।

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

अधिकृत आठौं

(ञ) गत कार्यपालिका बैठकबाट नेपाल सरकार सशर्त अनुदान कार्यक्रम अन्तर्गत आन्तरिक रोजगारी सिर्जना/प्रवर्द्धनका क्रियाकलाप सञ्चालनका लागि विनियोजित रु.४,७२,०००।- र महानगरपालिकाको साझेदारी दायित्व स्वरुप आन्तरिक स्रोततर्फ विनियोजित रु.४,७२,०००।- एवम् वडा नं. १९ को वडास्तरीय कार्यक्रम अन्तर्गत राष्ट्रिय रोजगार कार्यक्रम शीर्षकमा विनियोजित रु.२,००,०००।- रकम एकमुष्ट रुपमा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ बमोजिम सञ्चालन गर्नेगरी विराटनगर १९ स्थित सिङ्घिया खोला घाटमा छैठ पूजास्थल निर्माण तथा आसपासका क्षेत्रमा हरियाली सहितको पार्क निर्माण कार्य गर्ने/गराउने निर्णय गरिएकोमा उल्लिखित बजेटमध्ये वडास्तरीय कार्यक्रम अन्तर्गत विनियोजित रकमबाट वडा नं. १९ स्थित सिङ्घिया खोला घाटमा छैठ पूजास्थल निर्माण र वडाका विभिन्न स्थानमा सरसफाइ कार्यक्रम सञ्चालन गर्ने र उक्त दुबै कार्यक्रमका लागि सूचिकृत अदक्ष श्रमिकको ज्याला नेपाल सरकार सशर्त अनुदान कार्यक्रम अन्तर्गत विनियोजित रकमबाट खर्च गर्नेगरी कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ट) आ.व. २०८३/०८४ का लागि स्वीकृत बजेट तथा कार्यक्रमको अन्य नगरस्तरीय योजना/कार्यक्रम अन्तर्गत बिउपुँजी वितरण शीर्षकमा

| क.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | विराटनगर महानगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>विराटनगर, मोरङ<br>कोशी प्रदेश, नेपाल<br>अधिकृत आठौं | विनियोजित रु.२५,००,०००।- रकमबाट आगामी नगर सभाबाट अनुमोदन हुनेगरी देहायका कार्यक्रम शीर्षकमा देहाय अनुसार बजेट व्यवस्थापन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>१. रोटरी क्लब अफ विराटनगर डाउनटाउन (सार्वजनिक शौचालय निर्माण साझेदारी अनुदान) : रु.९,००,०००।-<br>२. जिल्ला प्रहरी कार्यालय, मोरङसँगको साझेदारीमा लागू औषध विरुद्धको कार्यक्रम : रु.५,००,०००।-<br>३. जिल्ला ट्राफिक प्रहरी कार्यालय लगायतका संस्थाहरूका लागि ज्याकेट लगायत ट्राफिक सामग्री वितरण : रु.१०,००,०००।-<br>(ठ) आ.व. २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रममा शैक्षिक विकास कार्यक्रम अन्तर्गत सरस्वती माध्यमिक विद्यालय, विराटनगर ९, विद्यालय बस खरिद अनुदान शीर्षकमा रु.२५,००,०००।- र महेन्द्र माध्यमिक विद्यालय, विराटनगर ८, विद्यालय बस खरिद अनुदान शीर्षकमा रु.२५,००,०००।- रकम विनियोजन भएकोमा उक्त रकम अपुग हुने भएको हुँदा आगामी नगर सभाबाट अनुमोदन हुनेगरी इन्टरनेशनल डेभलपमेन्ट इन्स्टिच्युट (IDI) सँगको साझेदारीमा शैक्षिक सुधार कार्यक्रम शीर्षकमा विनियोजित रु.१५,००,०००।-, अति गरिब तथा सिमान्तकृत समुदायका बालबालिका लक्षित कार्यक्रम शीर्षकमा विनियोजित रु.१०,००,०००।- र मितेरी विद्यालयमार्फत शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम शीर्षकमा विनियोजित रु.५,००,०००।- गरी जम्मा रु.३०,००,०००।- रकमबाट उल्लिखित शीर्षकहरूमा रु.१५,००,०००।- का दरले अपुग रकम थप गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(ड) आ.व. २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रममा शैक्षिक विकास कार्यक्रम अन्तर्गत अङ्ग्रेजी माध्यममा पठनपाठन सुरु गर्ने विद्यालयका लागि अङ्ग्रेजी भाषा शिक्षण सीप विकास शीर्षकमा विनियोजित रु.५,७८,०००।- रकमलाई आगामी नगर सभाबाट अनुमोदन हुनेगरी बाल मा.वि. रानी, भवन फिनिसिङ कार्यका लागि खर्च गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

<u>अनुसूची-१</u>

*(विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८३/०१/२२ बसेको बैठक (बैठक संख्या ९-२०८२/०८३) को निर्णय नं. ३ सँग सम्बन्धित)*

| क्र. सं. | कर्मचारीको नाम | क.स.नं. | तह वृद्धि/बढुवा भई हाल कायम रहेको पद/तह | समायोजन हुँदाको पद/तह | समायोजन हुनुअघिको पदमा स्थायी नियुक्ति मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | दिलीप कुमार यादव | १६२१०४ | ज.स्वा.अ. सातौं | ज.स्वा.नि. छैटौं | २०७५/०६/१७ | |
| २ | मीना अधिकारी | १८४१५३ | न.अ. सातौं | अ.न.नि. छैटौं | २०७०/०४/०१ | |
| ३ | टिना यादव | १९०२८७ | न.अ. सातौं | अ.न.नि. छैटौं | २०७०/१०/०१ | |
| ४ | रमा देवी पौडेल | १६२५६० | प.हे.न.अ. सातौं | सि.अ.न.मी.नि. छैटौं | २०७५/१०/०१ | |
| ५ | अमरदिप कुमार देव | १९०८१९ | खो.सु.अ. सातौं | खो.सु.नि. छैटौं | २०७५/०७/०५ | |
| ६ | भुपेन्द्र कुमार शाह | २०७५७६ | ज.स्वा.अ. सातौं | ज.स्वा.नि. छैटौं | २०७५/१०/१९ | |
| ७ | राजेन्द्र कुईकेल | २०५०९९ | ज.स्वा.अ. सातौं | ज.स्वा.नि. छैटौं | २०७५/१०/२४ | |
| ८ | रमेश कार्की | २०२००२ | ज.स्वा.अ. सातौं | सि.अ.हे.व.अ. छैटौं | २०७०/१०/०१ | |
| ९ | मानिक चन भगत | १९००७८ | व.ल्या.टे.नि. सातौं | ल्या.टे.नि. छैटौं | २०७४/१०/०१ | |
| १० | भोला नाथ तिम्सिना | १७२७१५ | ज.स्वा.अ. सातौं | सि.अ.हे.व.अ. छैटौं | २०७०/१०/०१ | |
| ११ | बबिता देवी गुरागाईं | १८६४२७ | ज.स्वा.अ. सातौं | ज.स्वा.नि. छैटौं | २०७५/०४/०१ | |
| १२ | पुनम कुमारी कर्ण | १५२३८५ | व.क.नि. सातौं | क.नि. छैटौं | २०६४/०२/१४ | |
| १३ | भावना निरौला ढकाल | २०८७१६ | अधिकृत छैटौं | सहायक पाँचौं | २०७१/०८/०१ | |
| १४ | कमला निरौला | २१८२१२ | अधिकृत छैटौं | सहायक पाँचौं | २०७३/०८/१५ | |
| १५ | संजीव भण्डारी | २१३६४५ | अधिकृत छैटौं | सहायक पाँचौं | २०७२/०९/०१ | |
| १६ | होमनाथ पोखरेल | २३२३८५ | अधिकृत छैटौं | सहायक पाँचौं | २०७५/०५/२४ | |
| १७ | सुनिता पौडेल | २०७१०३ | अधिकृत छैटौं | सहायक पाँचौं | २०७४/१०/१८ | |
| १८ | प्रमोद पोखरेल | २०९०२१ | अधिकृत छैटौं | सहायक पाँचौं | २०७१/०८/०३ | |
| १९ | रोजी कार्की खनाल | २०६५२८ | सहायक पाँचौं | सहायक चौथो | २०७०/१०/१९ | |
| २० | कल्पना ढकाल | | सहायक पाँचौं | सहायक चौथो | २०७१/१२/३० | |
| २१ | सन्ध्या श्रेष्ठ | २२४३६८ | सहायक पाँचौं | सहायक चौथो | २०७४/०२/२९ | |
| २२ | भोजना पौडेल | २१६४७१ | म.वि.नि. पाँचौं | स.म.वि.नि. चौथो | २०७२/१२/०७ | |
| २३ | विनम ढकाल | २१५९४१ | म.वि.नि. पाँचौं | स.म.वि.नि. चौथो | २०७२/१२/०७ | |
| २४ | शारदा मुग्राती | २१५३२८ | म.वि.नि. पाँचौं | स.म.वि.नि. चौथो | २०७२/११/२७ | |
| २५ | भगवती दाहाल | २१५८८४ | प्रा.स. पाँचौं | ना.प्रा.स. चौथो | २०७२/११/१३ | |
| २६ | सुनिता कटुवाल | २२९३७८ | सि.अ.न.मि. पाँचौं | अ.न.मि. चौथो | २०७४/१२/२२ | |
| २७ | कल्पना पोखेल | २३१४७६ | सि.अ.न.मि. पाँचौं | अ.न.मि. चौथो | २०७४/१२/२१ | |

अधिकृत आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल